आज मिति २०८२ साल मंसिर २५ गते विहिवारका दिन विहान १०:३० बजे यस पञ्चकन्या गाउँपालिकाका अध्यक्ष श्री तेज बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा यस पञ्चकन्या गाउँ कार्यपालिकाको बैठक वसी देहाय अनुसारका प्रस्ताव उपर छलफल गरि निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तेज बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री बिमला के.सी. | उपाध्यक्ष | |
| ३ | श्री महानन्द ढकाल | वडा अध्यक्ष | |
| ४ | श्री राम शरण श्रेष्ठ | वडा अध्यक्ष | |
| ५ | श्री राम बाबु पराजुली | वडा अध्यक्ष | |
| ६ | श्री सन्च तामाङ | वडा अध्यक्ष | |
| ७ | श्री माधव प्रसाद सिटौला | वडा अध्यक्ष | |
| ८ | श्री शुसिला अधिकारी | कार्यपालिका सदस्य | |
| ९ | श्री सुभेक्षा मगराती | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रावती श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ११ | श्री कमली मिजार | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धि बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | श्री सरोज बि.क. | कार्यपालिका सदस्य | |
| १४ | श्री हिराधन राई | सचिव | |

Scanned with CamScanner

निर्णय नं. १,

यस गाउँपालिकाको वडा नं. २ स्थित छहरे- राष्ट्रिय मा.वि. सडक खण्डमा पर्ने फुयाल टोलको ठाँडो खोलामा रहेको कुडुले खोला कल्भर्ट संरक्षण कार्य गत आषाढको अविरल वर्षाको कारणले पूर्ण क्षति भई आवात जावतमा समस्या भएकोले तत्काल मर्मत सम्भार गर्नु पर्ने भएकोले उपभोक्ता समिति बनाई प्राविधिक सल्लाह र लागत अनुमान तयार गरी कार्यान्वयन गरिएको तर स्रोतको सुनिश्चित नभएकोले भुक्तानीमा समस्या भएकोले २०८२।०४।०४ को गाउँपालिका अध्यक्षस्तरको निर्णयानुसार आकस्मिक तथा भैपरी आउने आर्थिक, सामाजिक पूर्वाधार वातावरण तथा विविध व्यवस्थापनको पुँजीगत खर्चबाट बेहोर्ने गरी रु. २,४६,०००/- भुक्तानी स्वीकार गर्ने र आगामी गाउँसभाबाट अनुमोदन गराउँने निर्णय गरियो।

निर्णय नं. २,

हाल सञ्चालिन पञ्चकन्या अस्पताललाई नवनिर्मित भवनबाट सञ्चालन गर्न आवश्यक फर्निचरको व्यवस्थापन गर्नुपर्ने भएकोले सो को लागि पुँजीगत तर्फको आकस्मिक तथा भैपरी आउनेवाट रु. ५ लाख १५ हजार रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ३,

जिल्ला प्रशासन कार्यालय, नुवाकोटले कार्यालय प्रयोजनको लागि १ थान एल.ई.डी टि.भी. माग भएकोले सो को लागि पुँजीगत तर्फको आकस्मिक तथा भैपरी आउनेबाट रु. १ लाख २५ हजार रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ४,

कक्षा १ देखि ८ सम्मको स्थानीय विषयको पाठ्यपुस्तक निर्माण कार्यदलको विज्ञहरु देहायअनुसार तोक्ने निर्णय गरियो।

तपसिल

१. राधा कृष्ण हुमागाई, रुम टु रिड
२. सन्तोष खनाल — रुडेक नेपाल

निर्णय नं. ५,

विगतमा गठित गाउँ शिक्षा योजना निर्माण समितिको समय गुज्रिएकोले सो समितिमा देहायको सदस्यहरु थप गरी समितिलाई क्रियाशील वनाउँने निर्णय गरियो।

Scanned with CamScanner

## तपसिल

१. प्र.प्र.अ. हिराधन राई - सदस्य

२. शिक्षिका पार्वती न्यौपाने — सदस्य

३. शिक्षिका शान्ता खनाल — सदस्य

निर्णय नं. ६,

बालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत बालमैत्री क्रियाकलाप सञ्चालनका लागि विनियोजित रु. १५,००,०००/- रकम पालिकास्तरीय बालमैत्री स्थानीय शासन समितिको मिति २०८२/०८/२४ को निर्णयानुसार देहायबमोजिम हुने गरी भएको बजेट बाँडफाडलाई स्वीकार गरी आगामी सभाबाट अनुमोदन गराउँने निर्णय गरियो।

## तपसिल

| क्र.सं. | शिर्षक | रकम रु. |
|---|---|---|
| १. | CFLGP सञ्चालनका लागि वडागत जनशक्ति व्यवस्थापन | रु. ८०,०००/- |
| २. | आधार कागजात व्यवस्थापनका लागि फाईल तयारी तालिम | रु. १,५०,०००/- |
| ३. | जनप्रतिनिधि, वडागत फोकल पर्सन तथा कर्मचारीहरुलाई CFLGP क्षमता विकास तालिम ३ दिने | रु. २,००,०००/- |
| ४. | बाबुआमा विहीनलाई संरक्षण कार्यक्रम | रु. ४,००,०००/- |
| ५. | सरोकारवालाहरुको संग अन्तर्क्रिया कार्यक्रम | रु. १,२०,०००/- |
| ६. | बालमैत्री सन्दर्भ सामग्री छपाई तथा व्यवस्थापन | रु. १,००,०००/- |
| ७. | CFLGP मैत्री कक्षाका लागि सामग्री खरिद | रु. १,५०,०००/- |
| ८. | CFLGP स्थानीय समितिको बैठक भत्ता | रु. १,००,०००/- |
| ९. | बालसमूह सञ्जाल मासिक बैठक व्यवस्थापन खर्च | रु. २,००,०००/- |

निर्णय नं. ७,

देहाय अनुसारका कार्यक्रमबाट रकमान्तर, शिर्षक परिवर्तन र स्रोतको सुनिश्चितता गर्ने निर्णय गरियो।

| क्र.सं. | साविक शिर्षक | रकम | परिवर्तित शिर्षक | रकम | कै. |
|---|---|---|---|---|---|
| १. | भैपरी आउने विविध कार्यक्रम, वडा नं. १ | रु. २ लाख | बाँनियाटार सामुदायिक साँस्कृतिक भवन उद्घाटन कार्यक्रम | रु. २० हजार | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बाँनियाटार सामुदायिक साँस्कृतिक भवनमा प्राईमर रङरोगन र कामदार पारिश्रमिक खर्च | रु. ३० हजार | |
| २. | आवादी भित्र कुकाठ फडानी, वडा नं. १ | रु २ लाख ५० हजार | सडक सरसफाई र नयाँ ट्र्याक खोल्ने तथा ग्रावेल | रु. २ लाख ५० हजार | शिर्षक परिवर्तन |
| ३. | डि खोला बिउरेनी सिंचाई वडा नं. ५ | रु.५० हजार | डि खोला बिउरेनी मुहान गरी ढोडेनी फाँट सिंचाई कुलो मर्मत वडा नं. ५ | रु. १ लाख ५० हजार | योजना एकीकृत |
| ४. | डि खोला बिउरेनी मुहान गरी ढोडेनी फाँट सिंचाई कुलो मर्मत वडा नं. ५ | रु. १ लाख | | | |
| ५. | श्री राष्ट्रिय मा.वि. आवासीय कक्षा सञ्चालन | | | रु. २ लाख | चालुतर्फको आकस्मिक तथा भैपरी आउनेबाट |
| ६. | श्रीहरि समन्वयात्मक सत्संग प्रतिष्ठान नेपालका लागि किरियापुत्री भवन ढलान, प्लास्टर, रंगरोगन तथा विद्युतीकरण | | | रु. १ लाख ५० हजार | पुँजीगत आकस्मिक तथा भैपरी आउनेबाट |

निर्णय नं. ८,

यस पालिका अन्तर्गत वडा नं. १ र ५ को वडा कार्यालय भवनका लागि विनियोजित बजेटबाट वडा कार्यालय सञ्चालन योग्य बनाउँन प्राविधिक स्टिमेटअनुसार रकम अभाव हुने भएकोले प्राविधिक स्टिमेट बमोजिम रकम सुनिश्चित गर्नुपर्ने देखिएकोले पुँजीगत तर्फको आकस्मिक तथा भैपरी आउने शिर्षकबाट रु. १० लाख रकमान्तर गरी नियमानुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

अन्य विषय नभएकोले आजको बैठक समापन गरियो ।

Scanned with CamScanner